जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १८३ पृष्ठः ४ | २०८२ कार्तिक २४ सोमबार (Monday 10 Nov. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## माओवादीको आन्तरिक द्वन्द्वले मधेश सरकार अस्थिर

मधेश प्रदेशसभामा नेता मातृका यादव र अर्को पक्षबीच आन्तरिक द्वन्द्वका कारण त्यहाँको संसदीय दल एकमत हुन सकेन। प्रदेशसभामा नौ सदस्य रहेको माओवादीका दुई सांसद रहबर अन्सारी र माला कर्णले मत नदिने अडान लिएपछि सोनारले बहुमत जुटाउन असफल रहे।




जनकपुर, २३ कार्तिक। मधेश प्रदेशमा (पूर्व) माओवादीको आन्तरिक द्वन्द्वका कारण सरकार अल्पायुमै ढल्यो। जेन–जी आन्दोलनपछि सरकार बनाउने र भत्काउने खेलमा नलाग्ने बताएको माओवादी पूर्व प्रतिबद्धताविपरीत प्रस्तुत भएपछि लोकतान्त्रिक समाजवादीका नेता जितेन्द्र सोनार सोनालको सरकार २५ दिनमै शनिबार ढल्यो।

मधेश प्रदेशसभामा नेता मातृका यादव र अर्को पक्षबीच आन्तरिक द्वन्द्वका कारण त्यहाँको संसदीय दल एकमत हुन सकेन। प्रदेशसभामा नौ सदस्य रहेको माओवादीका दुई सांसद रहबर अन्सारी र माला कर्णले मत नदिने अडान लिएपछि सोनारले बहुमत जुटाउन असफल रहे। सचिवालय सदस्य मातृका यादव पक्षले भरतप्रसाद साहलाई संसदीय दलको नेता बनाएपछि अन्सारी र कर्ण असन्तुष्ट थिए। साहले आफू र अर्को एकजनाको नाम मन्त्रीका लागि अघि बढाएपछि अर्को पक्ष असन्तुष्ट बनेको थियो। सोनार सरकार अल्पमतमा पर्ने भएपछि संयोजक पुष्पकमल दाहालले पटकपटक अन्सारीलाई फोन गरे पनि उठाएनन्। माओवादी सचिवालय सदस्य नारायणकाजी श्रेष्ठ पक्षधर माला कर्णलाई सहमत बनाए पनि अन्सारीले सोनारलाई समर्थन गर्न मानेनन्।

मधेश प्रदशेमा नेता मातृका यादव र गिरिराजमणि पोखरेल (श्रेष्ठ पक्ष) बीच संघर्ष चल्दै आएको छ। पोखरेल समूहमा रहेकी कर्णले सोनारलाई समर्थन नगर्ने बताएकी थिइन्। यसअघि अन्सार संयोजक दाहाल निकट थिए। केन्द्रीय सदस्यसमेत रहेका अन्सारीले

**–बाँकी तीन पेजमा**

## संघीयता जोगाउन एकजुट हुनुपर्छ : सचिव साह

**धीरेन्द्रप्रसाद साह**

राजविराज, २३ कार्तिक। जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सचिव शैलेन्द्रप्रसाद साहले मधेश प्रदेशमा पछिल्ला दिनमा देखिएको राजनीतिक अस्थिरता कुनै संयोग नभई योजनाबद्ध षड्यन्त्र भएको आरोप लगाउनु भएको छ। आइतबार विशेष कुराकानीमा सचिव साहले संघीयता कमजोर पार्ने र मधेशको अधिकारमाथि प्रहार गर्ने प्रयास भइरहेको दाबी गर्नुभयो। "संघीयता प्राप्त गर्न मधेशले ठुलो आन्दोलन, बलिदान र संघर्ष गरेको इतिहास हामी सबैलाई थाहा छ," उहाँले भन्नुभयो, "तर आज यही व्यवस्थामाथि प्रश्न उठाउने, प्रदेश सरकार अस्थिर पार्ने र जनताको विश्वास कमजोर बनाउने खेल चलिरहेको छ।"

सचिव साहले संघीयता र समावेशी लोकतन्त्रका पक्षधर सबै शक्तिहरूले अब मौन नबस्न आग्रह गर्नुभयो। उहाले समयमै सचेत भई एकजुट भएर यस्तो षड्यन्त्रको विरोध गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। "संघीयता हाम्रो अधिकार हो, हाम्रो पहिचान हो र देशको स्थायित्वको आधार हो," साहले भन्नुभयो, "त्यसैले संघीयता जोगाऔं, मधेशको अधिकार र स्वाभिमानको रक्षा गरौं र राजनीतिक स्थायित्वका लागि एकजुट बनौं।" उहाँले प्रदेशसभा सदस्यहरूलाई समेत सन्देश दिँदै भन्नुभयो, "प्रदेश नामांकनको समय हामीले जसरी एकताको उदाहरण प्रस्तुत गरेका थियौं, अहिले फेरि त्यही एकजुटता देखाउने बेला आएको छ। राजनीतिक स्थायित्वका लागि सबै शक्तिहरू एक हुनुपर्छ।"

## स्तन क्यान्सर रोगबाट जोगिन सचेतना कार्यक्रम

**जीवछ यादव**

लहान, २३ कार्तिक। क्यान्सर केयर सेन्टर लहानले धनगडीमाइ नगरपालिकाका स्थानीय महिलाहरुलाई सचेत बनाउन एक दिवसीय कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रम ग्रामीण महिला केन्द्रको आयोजनामा भएको थियो।

महिलाहरुमा प्रायः लाग्ने स्तन क्यान्सरबारे सचेत भए यस रोग लाग्दै लाग्दैन। स्तन क्यान्सर लोगको सुरुवातीमा चिकित्सकको सम्पर्कमा गए पूरा निको हुनेसम्बन्धी चिकित्सक गीता यादवले पाँच दर्जन महिलाहरुलाई शनिबार सचेत गराउनुभयो।




सुरुको लक्षणहरु थाहा नपाई क्यान्सर तेस्रो र चौथो चरणमा प्रवेश गरिसकेको क्यान्सर रोग निको पार्न नसकिने अवस्था हुन्छ। सुरुमा चिकित्सकको सम्पर्कमा गएको खण्डमा निको हुने शतप्रतिशत संभावना रहने गरेको प्रशिक्षिक चिकित्सक यादवले प्रष्ट्याउनुभयो। "बच्चा उत्पादन नगर्ने, बच्च जन्माएका आमाहरुले बच्चालाई स्तनपान गराएर दुध नखुवाई बजारको दुध प्रयोग गर्ने,आमालाई क्यान्सर रोग भएकाहरुले नियमित जाँच नगराउने, हर्मोनको अनावश्यक उत्पादन खानपान लगायतका कारण हुने स्तन क्यान्सरबाट जोगिन महिलोले महिनामा एक दिन भए पनि स्नान कोठामा गएर आफ्नो स्तनमा गिर्खा परेको पिप आइरहेको वा रगत देखिएको दुखिरहेको जस्ता कुनै समस्या देखिएको खण्डमा सुरुमा नै चिकित्सकको सम्पर्कमा गएर जाँच गराउने कार्य गराएमा पूर्ण रुपमा निको हन गर्दछ," उहाँले चिकित्सक यादवले सचेतना गर्नुभयो।

ग्रामीण भेगका महिलाहरुमा देखिएको स्तन क्यान्सर र पाठे घरको क्यान्सर रोगबाट जोगाउन सचेतनाका

**–बाँकी तीन पेजमा**




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## स्वच्छ सहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समयसमयमा मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं, जथाभावी नफालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट विरुवा तथा फूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाईमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समयसमयमा मर्मत संभार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।
- शहरलाई सफा राखौ, सुन्दर बनाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## फेरि पनि पानी नै बन्द !

काठमाडौंमा शासन बदलिने वा लर्खराउनेबित्तिकै मेलम्चीको पानी र बञ्चरे डाँडाको ुडम्पिङ साइटु स्थानीयहरूले बन्द गरिहाल्छन्। काठमाडौंलाई 'कुम्भकर्णे निद्रा'बाट बिउँझाउने यही अचुक उपाय र अस्त्र हो भन्ने भ्रम त्यहाँका बासिन्दामा रहिआएको छ। काठमाडौंका शासकहरू ठूलै होहल्ला नहुँदासम्म बिउँझने भने गर्दैनन्। हल्लिखल्लीले उनीहरूलाई झर्को लागेपछि बिउँझेको नाटक गर्छन्। शासकले अनुहार देखाएपछि हल्ला शान्त हुन्छ र फेरि निदाइहाल्छन्। केही दिन पहिले बञ्चरे डाँडामा यो नाटक देखिएको थियो। अहिले मेलम्चीका स्थानीयले फेरि शासकहरूको निद्रा बिथोलिदिएका छन्। बर्खा लागेपछि असारमा बन्द गरिएको मेलम्चीको पानी आपूर्ति असोज २६ गतेदेखि पुनः चालु भएको थियो।

मेलम्ची बाढी पीडितलगायतका विभिन्न समूहले आफ्ना मागहरू पूरा नभएको भन्दै बिहीवारदेखि मेलम्चीबाट काठमाडौं ल्याउने सुरुङतर्फ पानी पथान्तरण बन्द गरेका छन्। जानकारी मेलम्ची खानेपानी आयोजनाका अधिकारीका अनुसार मुहान क्षेत्रमा स्थानीयवासी गतवर्ष खानेपानीमन्त्रीसँग भएको सम्झौता कार्यान्वयनको माग गर्दै मुहान बन्द गरेका हुन्। मुहानै बन्द गरिएपछि मेलम्चीबाट काठमाडौं ल्याइने पानी रोकिनै भयो। काकाकुल काठमाडौंवासी मेलम्चीबाट आउने मुहान पनि बन्द भएपछि पानीको जोहो गर्न पुनः 'ट्यांकर माफिया'कै शरणमा पुग्न विवश हुनेछन्। पानी बन्द गराउन हात होला नहोला तर मेलम्ची रोकिँदा फाइदा भने ट्यांकर व्यवसायीलाई हुन्छ। सिन्धुपाल्चोक र काभ्रेका चारवटा सम्बन्धि सरोकार समूहहरूले एक साताअघि काठमाडौँको पानीपोखरीस्थित मेलम्ची खानेपानी कार्यालयमा तालाबन्दीसमेत गरेका रहेछन्। त्यति सरकारी अधिकारीहरूको ुकुम्भकर्णे निद्राु नखुलेपछि मुहान क्षेत्रका स्थानीयले मेलम्चीको पानी खोलैमा फर्काइदिएका रहेछन्।

सरकारले आयोजना स्थलका प्रभावितहरूसँग पटकपटक सम्झौता गर्ने तर कार्यान्वयन गर्न ध्यान नदिने गर्दैआएको छ। आफूसँग गरिएका सम्झौताको कार्यान्वयन गर्ने माग राखेर फेरि आन्दोलन गर्नु स्थानीयहरूको पनि नियति नै बनेको देखिन्छ। राज्यले गरेको वाचा पूरा गर्न सरकारी अधिकारीहरू इमानदार हुने हो भने सायद यस्तो नियति दोहोरिने थिएन। प्रत्येक पटकको आन्दोलनमा क्षति हुने भने राष्ट्रकै हो। निर्माणका चरणमा भएका आन्दोलनका कारण आयोजनामा पर्ने प्रभाव र हुने नोक्सानीको त विवरणसम्म पनि राखिएको हुँदैन। आयोजना चालु हुन थालेपछि पनि पटकपटकका व्यवधानका कारण हुने क्षति भइरहन्छ।

यस्तो क्षतिको हिसाब राखिएको भए देखिने थियो आयोजना क्षेत्रका पीडितहरूको सबै माग पूरा गर्दा पनि त्यति खर्च हुने थिएन। यसैले प्रकारान्तरले सरकारी अधिकारीहरूकै कारण जनताले सास्ती त पाएकै छन् राष्ट्रको पनि ठूलो क्षति भएको छ। मेलम्चीबाट काठमाडौं ल्याउन सुरुङमा पठाउने मुहान फर्काउने स्थानीयले आयोजनाकै एक्स्काभेटर प्रयोग गरेछन्। अर्थात्, मेलम्ची खानेपानी विकास समितिका अधिकारीहरू पनि 'पानीमा बसेर गोहीसँग वैर' राख्न चाहँदैनन्। नत्र, यसरी आयोजनाकै हानि हुने काममा आयोजनाकै साधन प्रयोग कसरी हुन पाउँथ्यो होला र?

सात दिनसम्म कार्यालयमा तालाबन्दी हुँदा पनि सम्बन्धित कार्यालयका अधिकारी तमासा हेरेर बसेका देखियो। आयोजना स्तरबाट समस्या समाधान पनि हुँदैन। स्थानीयको माग पूरा गर्न नेपाल सरकारकै मन्त्री सक्रिय हुनुपर्छ। बन्चरेडाँडामा जस्तै सम्बन्धित मन्त्रीले अग्रसरता देखाए मेलम्चीको पनि समस्या समाधान भइहाल्ला कि ? जनतासँग सम्झौता गरिसकेपछि पूरा पनि गर्नुपर्छ भन्ने चेत नेपालका शासकमा कहिले पलाउने ?


## माईग्रेसन हराएको सूचना

यही मिति २०८१।०६।०१ गतेका दिन घरबाट लहान जाने क्रममा अभिशेक कुमार यादव नाम गरेको +२ को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निवदेकलाई उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गर्दछौं।

**नाम : अभिशेक कुमार यादव**
**ठेगाना : भगवानपुर गा.पा.–२, सिरहा**
**रजिष्ट्रशन नं.: ७६७६०१०८६**
**मोबाईल नं. :९८५२८३१४८१**


# कांग्रेसमा पुस्तान्तरण र पुनर्जागरण आवश्यक

**डा. हिमलाल घिमिरे**

देशमा लोकतन्त्र ल्याउने नेपाली कांग्रेसले लोकतान्त्रिक संस्कार जोगाउन सकेन। जनताका लागि शासनका ढोका खोल्यो तर युवाका ढोका बन्द गरियो। देशलाई संविधान दियो तर आफ्नै संगठनलाई विधानविहीन बनायो। अब समय आएको छ– कांग्रेसले अतीतको गौरवलाई आत्मसात् गर्दै भविष्यको जिम्मेवारी बोकोस्। नत्र ऐतिहासिक पार्टी इतिहासमै सीमित हुनेछ।

पछिल्लो समयमा जेनजी युवाको विद्रोहले पार्टीहरूभित्र र बाहिर ठूलै हलचल ल्याएको छ। यस विद्रोहले पार्टीहरूभित्र मौलाएको विकृति र सरकार सञ्चालनका पुराना संस्कारलाई चुनौती दिएको छ। 'परिवर्तन होऊ, परिवर्तन गर नत्र खैरियत छैन' भन्ने सन्देश पनि दिएको छ। जेनजी युवाको आन्दोलनका पराकम्पले पार्टीमा ुवीकरण र नेतृत्व परिवर्तनको सन्देश दिएको छ। पार्टीलाई पेवाजस्तै गरी वर्षौंसम्म कब्जा गर्ने अनि छाड्नै पर्दा पनि आफ्नै श्रीमती, भाइ, सालासाली तथा चुनाव कहिल्यै नजित्ने ढोकेहरूलाई पुरस्कृत गर्ने परिपाटीले नयाँ पुस्तालाई आक्रोशित बनाएको थियो।

नयाँ पुस्ता प्रश्न गरिरहेको छ– हामी किन पुरानै नेताका भाषणमा ताली बजाइरहनुपर्ने ? किन कांग्रेस इतिहासको अध्याय बनिरहेकोछ ? किन पार्टीमा भ्रष्ट र दागीहरूकै बोलाबाला चलिरहन्छ, टिकेहरूकै हालिमुहाली हुन्छ ? युवाको आक्रोश निराशामात्र होइन बरु यो परिवर्तनको चेतना हो। कांग्रेसले आफ्ना सिद्धान्त, दृष्टि र संगठनात्मक संरचना पुनः परिभाषित गर्न सकेन भने नयाँ पुस्ताले अर्को बाटो रोज्नेछ– नयाँ विचार, नयाँ आन्दोलन, नयाँ विकल्प।

जेनजी डिजिटल युगमा हुर्किएको, वैचारिकरूपमा सचेत र विश्वव्यापी राजनीतिक 'ट्रेन्ड' बुझ्ने पुस्ता हो। उनीहरू परम्परागत नाराभन्दा बढी नीति प्रधान र क्रियाशील राजनीति अर्थात् पारदर्शिता, कार्यक्षमता, र परिणाममुखी नेतृत्व चाहन्छन्। कांग्रेसले यस पुस्ताको अपेक्षा सम्बोधन गर्न सकेन भने त्यो समूह भड्कनेछ। आजका युवा कांग्रेसको परम्परागत शैलीमा होइन परिणाम र दृष्टिकोणमा विश्वास गर्छन्। उनीहरू भ्रष्टाचारविरुद्ध स्पष्ट आवाज उठाउन, शिक्षा रोजगारीका नीतिमा ठोस विकल्प देखाउन र राष्ट्रिय पहिचानलाई आधुनिक दृष्टिकोणबाट प्रस्तुत गर्न चाहन्छन्। कांग्रेसले उनीहरूलाई स्थान दिएन भने ती युवा नयाँ राजनीतिक शक्तिको खोजीमा लाग्नेछन् जसको परिणाम कांग्रेसकै लागि विनाशकारी हुन सक्छ।

जेनजी आन्दोलनपछि विकसित अवस्थालाई देखावटीरूपमै सही पार्टी सभापति शेरबहादुर देउवाले कार्यवाहक दिएर सक्रिय राजनीतिबाट अलग भएजस्तो देखाएका छन्। केन्द्रीय समितिको चारवर्षे कार्यकाल यही मंसिर मसान्तमा सकिने भएकाले १५औँ महाधिवेशन आगामी मंसिरभित्र गर्नुपर्ने वैधानिक व्यवस्था छ। कांग्रेसको विधानको धारा १७ (२) बजोमिम केन्द्रीय कार्य समिति आफैँले विशेष महाधिवेशनको आयोजन गर्नसक्ने वा महाधिवेशनका ४० प्रतिशत प्रतिनिधिहरूले कारणसहित विशेष महाधिवेशनको माग गरेमा तीन महिनाभित्र विशेष महाधिवेशन बोलाउनुपर्नेछ प्रावधान पनि छ।

अहिले पार्टी सरकारमा छैन। सत्ताको खेलमा लाग्नुपर्ने पनि छैन। यो अवस्थामा पार्टीको महाधिवेशन गरेर पार्टीमा नयाँ ऊर्जा थप्ने र आगामी चुनावमा जानुपर्नेमा केन्द्रीय समितिले आजसम्म महाधिवेशनको कुनै तयारी गरेको छैन। नेपाली कांग्रेसका ५४ प्रतिशतभन्दा बढी महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशनको माग गरेका छन्। तर, संस्थापन पक्षले पार्टीको विधानअनुसारको त्यो मागलाई पार्टी फुटाउने रणनीति हो भनेर प्रचार गर्दै छ। के विशेष महाधिवेशन माग्नेहरू पार्टी नै फुटाउन खोज्ने हुन् त ?

कांग्रेसको इतिहासमा पार्टीलाई मजबुत बनाउन र लोकप्रिय नेतामा नेतृत्व हस्तान्तरण गरेर चुनावमा जाँदाको परिणाम राम्रो भएको विगतको उदाहरण पनि छ। विसं २०१४ सालमा तत्कालीन सभापति सुवर्ण शमशेरले विशेष महाधिवेशन गराएर बीपी कोइरालालाई नेतृत्व सुम्पेका थिए। अनि बीपीको नेतृत्वमा चुनाव लडेको कांग्रेसले दुईतिहाइ स्थान जितेको थियो। विधानअनुसारको ४ वर्षे कार्यकाललाई छोट्याएर दुई वर्षमै विशेष महाधिवेशन सुवर्णले किन गरे होलान् ? अहिलेका पदलोलुपहरूले इतिहास पनि पढ्न जरुरी छ। अहिलेको मागलाई सम्बोधन पनि गर्न जरुरी छ। केही स्वार्थी समूहको कारण पार्टी बदनाम भएको छ। वर्तमान नेतृत्वको अनुहार बोकेर चुनावमा जाँदा आजको भन्दा लज्जाजनक अवस्थामा पार्टी पुग्नेछ।

परिवर्तनको सन्देश दिएको जेनजी आन्दोलन भएको दुई महिना पुग्यो भने पार्टी सभापतिले महाधिवेशन गर्ने म्यान्डेटसहित नेतृत्व सुम्पेर कार्यवाहक दिएको पनि महिना दिन बित्यो। पार्टीको अस्तित्वनै संकटमा पर्न लागेको यस्तो चुनौतीपूर्ण बेला पनि केन्द्रीय समितिको बैठक कर्मकाण्डीरूपमा बस्नु र कुनै निर्णय नगर्नु विडम्बना नै हो। झन्डै १५ दिन अघिदेखि बस्दै, सर्दै बस्दै आएको नेपाली कांग्रेसको केन्द्रीय समितिको बैठकले कांग्रेस अव्यवस्थित, दिशाहीन, गुट केन्द्रित, टिकेहरूको चुरीफुरी गर्ने थलो, नौटंकीको पराकाष्टाको नमुना बनेकोछ।

केन्द्रीय समितिको बैठकमा निर्णय गर्न नसक्ने तर कोठे बैठकहरू र पार्टीप्यालेसमा हुने गुटगत भेलामा घोक्रो फुक्नेगरी आदर्शका कुरा गर्ने नौटंकी जति लम्बिन्छ, त्यति नै पार्टीलाई घाटा हुनेछ। संस्थापन पक्ष र सात भाइको नाममा सधैँ सत्तामा रमाएकाहरूको पार्टीलाई लामो समयसम्म अनिश्चिततामा राख्दै संगठन कब्जा गर्ने र आगामी चुनावमा आफू र आफ्ना निकटलाई टिकट बाँड्ने रणनीति रहेको प्रस्ट छ। अर्कोतर्फ, युवापुस्ता र सुधारवादी धारले भने छिटो महाधिवेशन गरी नयाँ नेतृत्व र नयाँ सोचसहित चुनावमा जाने पक्षमा बलियो आवाज उठाइरहेका छन्।

बैठकमा एकातिर पार्टीका महामन्त्रीले आगामी पुसमा महाधिवेशन गर्ने प्रस्ताव अघि सारेका छन् भने अर्कोतिर विधान विपरीत सहमहामन्त्रीले वैशाखमा गर्ने सुझाव पेस गरेर चुनावपछि मात्र महाधिवेशन गराउन कलाविहीन नाटक मञ्चन गरे। पार्टीको विधान, प्रचलन र ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको भावना तथा इच्छाविपरीतको यो व्यक्तिवादी शैली सामान्य मतभेदमात्र होइन। यो नेतृत्वभित्रको विश्वासको संकट पनि हो। कांग्रेस आज विचार होइन स्वार्थका कारण विभाजित भएको छ। दुर्भाग्य, कांग्रेसभित्र 'लोकतन्त्रको प्रशिक्षण' होइन, 'पदको वितरण' प्रमुख अभ्यास बनेको छ।

बैठकमा सहमहामन्त्री फरमुल्लाह मन्सुरले गगन थापालाई सभापति र भावी प्रधानमन्त्रीको रूपमा प्रस्ताव गरेर आगामी चुनावमा जानुपर्ने बताएका छन्। उनले मात्र होइन, कांग्रेसलाई जीवन्तता दिन चाहने, बदलिँदो परिस्थितिअनुसार पार्टी सञ्चालन गर्नुपर्छ भन्ने र गुटभन्दा माथि पार्टीका लागि काम गर्नेहरू आगामी पुसभित्र महाधिवेशन गर्ने र नयाँ नेतृत्वका साथमा चुनावमा जाने कुरामा सहमत छन्। नयाँ सभापति गगन हुन् वा अरू कुनै त्यो महाधिवेशनले नै तय गर्ने हो। गगनले त निर्वाचन अगाडि महाधिवेशन भए पर्छ भने प्रतिस्पर्धामै नउत्रने सर्तसमेत मान्छु भनेका छन्। यस्तै ठूलो छाती सबैले गर्ने हो भने पार्टी पुनर्जीवित हुनेछ।

गगनसँग महामन्त्रीको चुनाव हार्दा पनि चाकरीको भरमा सभापतिबाट मनोनीत भए, कहिल्यै चुनाव जितेको उदाहरण छैन। तर, सधैँ लाभको पदमा बसिरहे उनैको डाँको ठूलो हुनु, उनैले विशेष महाधिवेशन माग्नेहरूलाई पार्टी फोर्न लागेको आरोप लगाउनु कस्तो लजमर्दो मजाक हो ? मक्किएका, गनाएका, कलंकको टीका लगाएका, विभाजित वृद्ध कम्युनिस्टहरूको हालै गठन गरेको गठबन्धनले जसरी नेपाली राजनीतिमा भ्रमको खेती गर्न खोजेको छ त्यसरी नै कांग्रेस पनि गनाएका र टीकेहरुको क्लबको रूपमा रही रहने हो ? महाधिवेशन पार्टीको मात्र होइन, नेपाली जनताको चेतनाको आवाज हो। अब दबाउने, झुक्याउने वा ढाँट्ने समय सकियो।

सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको समर्थनमा काग्रेसकै नेता गृहमन्त्री हुने गरी बनेको सरकारकै कार्यकालमा २७ घन्टाको बीचमा भदौ २३ र २४ मा नागरिकको हत्या भएको छ, राष्ट्रका ऐतिहासिक सम्पदा, सरकारी तथा निजी भौतिक संरचना, व्यावसायिक प्रतिष्ठान, केही नेताका घर जलेका छन्। अघिल्लो दिन त्यो नरसंहार नभएको भए भोलिपल्ट त्यो ध्वंस नहुन सक्थ्यो। करिब ८ दशक प्रजातन्त्रको लागि लडेको पार्टीकै सरकारमा सहभागिता र आफ्नै नेता गृहमन्त्री हुँदा भएको त्यो नरसंहारको समीक्षा गर्नु पर्दैन ? लोकतन्त्रमा विश्वास गर्ने पार्टीकै नेताको नेतृत्वमा नागरिक मारिन्छन् भने कसरी त्यस्तो सरकारलाई जनताको सरकार भन्ने ?

पार्टीको कमजोरी के के थिए ? जेनजी विद्रोहको कारण के थियो ? युवाको माग के हो ? बदनाम नेताहरूको किन भागाभाग भयो ? बदलिँदो परिस्थितिमा पार्टीलाई गतिशील कसरी बनाउने ? आगामी चुनावमा अहिलेकै अनुहार लिएर जाँदा कस्तो परिणाम आउला ? जनतामा बदनाम पार्टीलाई फेरि जीवित कसरी बनाउने भनेर समीक्षा गर्नु पर्दैन ? यीलगायत अन्य प्रश्नको उत्तर खोज्ने थलो महाधिवेशन नै हो।

नेपालको राजनीतिमा भदौ २३ गतेभन्दा अगाडि र पछाडिको परिस्थितिमा धेरै उथलपुथल भइसकेको छ। भदौ २३ र २४ को आन्दोलनले कांग्रेसमात्र होइन, नेपाली राजनीति हल्लायो। यो विद्रोह असन्तुष्टिमात्र होइन चेतावनी हो, सन्देश हो– "परिवर्तन गर, नत्र हट।" पारिवारिक वर्चस्व, टिके प्रथा र गुटबन्दीले आजित कांग्रेसलाई नयाँ सोच, नयाँ अनुहार र नयाँ दृष्टिकोण आवश्यक छ। युवाले अब 'चाकडी होइन, योग्यता र दृष्टिकोणको राजनीति' खोजिरहेका छन्।

यसैक्रममा कांग्रेस महामन्त्री गगन थापाको भनाइ केलाउने हो भने पनि परिवर्तन अपरिहार्य छ। उनले भनेका छन्– 'महाअधिवेशन गरेर गयौँ भने नेपाली कांग्रेसको के कुरामा प्रस्टता देखिन्छ भने कांग्रेस अडियो, कांग्रेस घोरियो, कांग्रेसले स्वीकार गऱ्यो, हामीले त्यो गल्ती गरेका थियौँ, हामीले नागरिकका कुरा सुन्यौ, हामीले सुधारको संकल्प गऱ्यौँ, हामी नयाँ भएर आएका छौँ। हामीले नयाँ सुरुआत गर्ने एउटा बाचा गरेर आएका छौँ, संकल्प गरेर आएका छौँ। त्यसपछि बल्ल नागरिकसँग संवादको नयाँ ढोका खुल्छ। हामीसँग रिसाएका नागरिकले फेरि एकपटक तिमीलाई मौका दिन्छौँ

**–बाँकी तीन पेजमा**

### काँग्रेसमा पुस्तान्तरण...

भनेर हामीसँग आउने अवस्था आउँछ। त्यसकारणले महाधिवेशन चाहिएको हो'।

नेपाली कांग्रेसका ९ लाख क्रियाशील सदस्यमा तीन लाखले मात्र नवीकरण गरेका छन्। यसले कार्यकर्तामा रहेको निराशा प्रकट भएको छ। नेता, कार्यकर्ता र समर्थक गरेर ३० लाख बढी कांग्रेसजन छन्। बितेको ३५ वर्षमा एकै व्यक्ति पटकपटक प्रधानमन्त्री, मन्त्री, सांसदलगायत विभिन्न राजनीतिक नियुक्ति खाएर बसेका छन्। कांग्रेसका केन्द्रीय तहका पदाधिकारी हुन् वा सरकारका विभिन्न पदमा बसेकामध्ये जनताले पत्याएका र स्वच्छ छवि भएका १० प्रतिशत होलान् बाँकी सबै भ्रष्ट र विभिन्न काण्डमा मुछिएका छन्।

जेनजी युवाको विद्रोहको क्रममा भाद्र २४ गते पार्टी सभापति मरणासन्न हुने गरी पिटिए, उनको घर नै जल्यो। ज्यान बचाउन नेपाली सेनाको शरणमा बस्नु पर्‍यो। त्यति ठूलो पार्टीका लाखौं नेता कार्यकर्ता त्यस दिन उनलाई बचाउन गएनन्। कस्तो लज्जाजनक राजनीति ? पटकपटक सरकारको नेतृत्व गरे, पार्टीको नेतृत्व गरे तर वितेको ३५ वर्षमा एउटा राम्रो अस्पताल पनि बनाएनन् र उपचारको लागि अहिले विदेश जानुपरेको छ। सत्तामा रमाउनेहरूलाई लाजै छैन। अनि त्यो पार्टी अहिलेको जस्तै नेतृत्व र लथालिंगे पारामा चल्ने, महाधिवेशन समयमानै नगर्ने हो भने कन्तबिजोग नभए के हुन्छ?

**काँग्रेसले आफ्नो भविष्य तीन आधारमा पुनः निर्माण गर्नुपर्छ–**

**विचारमा स्पष्टताः** समाजवाद, लोकतन्त्र र न्यायको नयाँ परिभाषा, नयाँ पुस्ताको भावनामा चल्ने।

**संगठनमा पारदर्शिताः** टिकट वितरण, निर्णय प्रक्रिया र कार्यकर्ता मूल्यांकनमा पारदर्शिता।

**नेतृत्वमा पुस्तान्तरणः** अबको कांग्रेसले युवालाई मात्र होइन, नयाँ सोचलाई नेतृत्वमा ल्याउने।

अन्त्यमा, कांग्रेस बचाउन सबैभन्दा पहिले लोकतन्त्रलाई कांग्रेसभित्र फर्काउनुपर्छ। कांग्रेस पारदर्शी, जवाफदेही, नीतिपरक, व्यवहारिक हुन जरुरी हुन्छ। अबको नेतृत्वले आफ्नो व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पार्टीको अस्तित्व, भावी पुस्ता र जनताको भरोसालाई प्राथमिकता दिन सकेन भने इतिहासले कांग्रेसलाई आन्दोलनको पार्टी होइन अवसरवादको उदाहरणको रूपमा सम्झनेछ।

अब समय आएको छ– कांग्रेसले अतीतको गौरवलाई आत्मसात् गर्दै भविष्यको जिम्मेवारी बोकोस्। कांग्रेस पुनर्जागृत होस्। नत्र, ऐतिहासिक पार्टी इतिहासमै सीमित हुनेछ। व्यक्तिगत स्वार्थभन्दा माथि उठेर, पार्टी, पार्टीभन्दा माथि देश भन्ने समय आएको छ। बाह्रखरीबाट

# हैजा पूर्ण नियन्त्रणमा आउन सकेन

**सुधा देव**

सप्तरी, २३ कार्तिक। सप्तरीको छिन्नमस्ता गाउँपालिका–५, लोखरम मुसहर बस्तीमा हैजा पूर्ण रूपमा नियन्त्रणमा आउन सकेको छैन्। हैजाको मुख्य श्रोत बस्ती नजिकै बग्ने भलुवाही खोलाको पानी र पोखरीको पानी रहेको पुष्टि भएको छ। समुदायमा हैजाबाट दुई बालबालिका सहित एकै परिवारको तीन जनाको मृत्यु भई हैजा र भाडापखालाको सङ्क्रमण बस्तीमा फैलिएपछि हैजाको श्रोत पत्ता लगाउन स्थानीय पालिकाले स्वास्थ्य कार्यालयसँग समन्वय गरी ७ वटा पानीको परिक्षण गराउँदा भलुवाही खोलाको पानी र पोखरीको पानीमा हैजाको जिवाणु भेटिएको छिन्नमस्ता गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख दिपेन्द्र यादवले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, अहिले समुदायका प्रत्येक व्यक्तिलाई



पोखरी र भलुवाही खोलाको पानी प्रयोग नगर्न जनचेतना फैलाउन र निगरानी गर्न बस्तीमा स्वंसेवकहरू खटाइएको छ। हाल भाडापखाला सङ्क्रमित १४ जनाको घरमै उपचार भई रहेको बिरामीको उपचारमा संलग्न डा.आनन्द सिंहले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, हामी स्वास्थ्यकर्मीले उपचारसँगै आवश्यक औषधी समेत वितरण गरिरहेका छौँ। ५३ जना बिरामी उपचारपछि घर फर्किसकेको उहाँले बताउनुभयो। गैरसरकारी संस्थाहरूको सहयोगमा निरन्तर सरसफाइ भइरहेको, ३० वटा फिल्टर वितरण गरि सरसफाइको विषयमा समुदायमा निरन्तर जनचेतना फैलाउँदै आएको पालिका अध्यक्ष विद्यानन्द चौधरीले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, पहिले भन्दा अहिले अवस्था सहज भएको छ। हामी निरन्तर लागिरहेका छौं। अहिलेको अवस्थामा आवश्यकता ठानेर ४ शय्या रहेको पालिकाको स्वास्थ्य चौकीमा ८ शय्या बनाएको उहाँले बताउनुभयो। यसअघि बिरामीको आरडिटी परिक्षण गर्दा हैजा पुष्टि भएपछि प्रादेशिक ल्यावमा दिसाको कल्चर गर्दा समेत हैजा पुष्टि भएको थियो। स्वास्थ्य बिभागले बिहीबारदेखि स्थानीय स्वास्थ्य चौकीमा एक जना एमबिबिएस डाक्टरलाई खटाएको छ। यता विपद् व्यवस्थापन समिति सप्तरी तयारी अवस्थामा रहेको अध्यक्ष चौधरीले बताउनुभयो।

खुला दिसापिसाब मुक्त भैसकेको जिल्लामा बस्तीमै एउटा पनि शौचालय नहुनु,खुला आकाश मुनि दिसापिसाब गर्न बाध्य हुनु र स्वास्थ पानीको अभावमा भाडापखालाबाट हैजा फैलिएर तीन जनाको मृत्यु हुनु जिल्लाका लागि दुःखद रहेको नेपाल पत्रकार महासंघका अध्यक्ष श्रवणकुमार देवले बताउनुभयो। तीन वटा मात्र चापाकल भएको मुसहर बस्तीमा बसोवास गर्ने ९० परिवारले भलुवाही खोलाबाट आएको पानी र पोखरीमा नुहाउने, भाडा मस्काउने र लुगा धुँदै आएका थिए।

# मलंगवा नगरपालिकामा वडाध्यक्षसहित उपप्रमुखले लगाए ताला

सर्लाही, २३ कार्तिक। मलंगवा नगरपालिकामा वडाध्यक्षसहित उपप्रमुखले नै ताला लगाएका छन्। नगरमा प्रमुख प्रशासकीय अधिकृत नहुँदा कामकाज गर्न असहज भएको भन्दै उपप्रमुख शकुन्तला देवीसहित वडाध्यक्षको टोलीले आइतबार तालाबन्दी गरेको हो। तत्कालीन प्रमुख प्रशासकीय अधिकृत होमनाथ सुवेदीको सरुवा भएपछि उनको स्थानमा आएका अमनकुमार कर्णलाई नगर प्रमुख नागेन्द्रकुमार रायले उपस्थित नगराउँदा कार्यालय प्रमुखविहीन बनेको छ। कार्यालय प्रमुख नहुँदा कार्यालयको खाता सञ्चालन हुन सकेको छैन। जसले भुक्तानीमा समस्या भएको छ। लामो समयसम्म खाता सञ्चालन नहुँदा विद्यालयका शिक्षकदेखि कर्मचारीसमेतले तलब पाउन सकेका छैनन् भने वृद्धवृद्धाहरूले सामाजिक सुरक्षा भत्ता पाउन सकेका छैनन्। तलवभत्ता नपाउँदा शिक्षकहरू पनि आन्दोलित हुँदै आएका छन्।

यस्तै सदरमुकाम मलंगवामा रहेको श्रीमती कृष्णादेवी माध्यमिक विद्यालयको प्रधानाध्यापक नियुक्तिको विषयमा पनि नगर प्रमुखले अनावश्यक दबाब दिन थालेपछि समस्या उत्पन्न भएको छ। पालिकाबाट तलव नपाएपछि शिक्षकहरू कक्षाकोठामा उपस्थित नहुँदा विद्यार्थी पठन–पाठनबाट वञ्चित भइरहेका छन्। उनीहरूले नगर प्रमुखविरुद्ध नाराबाजीसमेत गर्दै आएका छन्। कक्षा १० का विद्यार्थी युवराजप्रसाद साहले विद्यालयमा पठन–पाठन नहुँदा आफूहरू आन्दोलनमा उत्रिनुपरेको जानकारी दिए। उनका अनुसार एसईई आउन केही महिना मात्र बाँकी रहँदा पठन–पाठनको



अवरोधले विद्यार्थीहरू मर्कामा परेका छन्।

यता वृद्धवृद्धाहरू पनि सामाजिक सुरक्षा भत्ता नपाएको भन्दै गुनासो पोखिरहेका छन्। उनीहरूले पनि पालिकामा धर्ना दिएका थिए। मलंगवा नगरपालिका–६ का ८० वर्षका चन्देश्वर मण्डलले वृद्धभत्ता नपाउँदा औषधि समेत खरिद गर्न नसकेको दुःखेसो पोखे। 'यस आर्थिक वर्षमा पालिकाले भत्ता दिएकै छैन, जसले औषधि खरिद गर्न सकिएको छैन,' उनले भने, 'स्थानीय तहका प्रमुखले हाम्रो पीडा बुझ्न सकिरहेका छैनन्।' मलंगवा नगरपालिका–८ का वडाध्यक्ष मुकेश जयसवालले नगरपालिकाको बेथितिका विरुद्रमा सम्पूर्ण जनप्रतिनिधि आन्दोलित बनेको जानकारी दिए। उनका अनुसार नगर प्रमुख एकलौटी रूपमा अगाडि बढेको, दलालमार्फत काम गर्न उत्प्रेरणा दिएको तथा वडाध्यक्ष, उपप्रमुखको कुरा नसुनेको भन्दै कार्यालयको मुख्य गेटमा सर्वसाधारणको उपस्थितिमा ताला लगाइदिएका हुन्। नगर प्रमुख रायले केही दिनमै पालिकाको अवस्था सामान्य हुने जानकारी दिए।

### माओवादीको...

पछिल्लो समय केन्द्रको 'सिन्डिकेट' लगाउनु गलत भएको बताए। 'केन्द्रको निर्देशन होइन, आफ्नो निर्णय आफैं गर्नुपर्छ भनेर मैले जितेन्द्र सरकारलाई समर्थन नगर्ने निष्कर्षमा पुगेको हुँ,' उनले भने, 'दलका सरकारले मधेशमा नैतिक धरातल गुमाइसकेका छन्। यतिबेला सरकारमा जानु हुँदैन भन्ने मत थियो। तर पार्टीले मानेन। मैले सरकारको विपक्षमा उभिने निर्णय लिएँ।' उनले पार्टीमा आन्तरिक लोकतन्त्र नभएको उल्लेख गर्दै सत्तामा जाने कुरा गर्नु गलत भएको बताए। 'पार्टीले सडकबाट जेन–जीलगायत जनताका मुद्दा उठाउनुपर्छ,' उनले भने, 'सत्तामा जाने हाम्रो नीति हुनुहुँदैन।'

संस्थापन पक्षका नेता मातृका यादवले पार्टी नीति विपरीत जाने प्रदेश सभा सांसदले आत्मालोचनासहित एमाले बाहेक गठबन्धन सरकारलाई समर्थन गर्नुपर्ने बताए। 'हामीले मधेशमा एमाले बाहेक गठबन्धन सरकार बनाउन चाहन्छौं। तर पार्टी दुई सांसदले समर्थन नगर्दा जितेन्द्रजीको सरकारले बहुमत ल्याउन सकेन,' उनले भने, 'यो पार्टीभित्र दण्डहीनता मौलाएको उदाहरण हो। पार्टी निर्णयविपरीत जानेले आत्मालोचना गर्नुपर्छ। त्यो नगरे पार्टीले कारबाही गर्नुपर्छ।'

माओवादीको अर्को एक नेताले मुख्यमन्त्री सोनारलाई समर्थन गर्न अस्वीकार गरेको प्रदेश सांसद रहबर अन्सार पूर्व माओवादी उपमहासचिव जनार्दन शर्मातिर जान खोजेको बताए। तर अन्सारीले भने आफूले आफ्नो निर्णय आफैं गरेको बताए। 'म कुनै पनि सरकारलाई मत दिन्नँ। अहिले सरकारमा जाने बेला होइन,' उनले भने। संसदीय दलका नेता साहले अन्सारी र कर्णले पार्टी निर्णयको गम्भीर उल्लंघन गरेको उल्लेख गर्दै संसदीय दलले आवश्यक निर्णय गर्ने बताए। 'पार्टी निर्णय जानु गम्भीर अनुशासनको उल्लंघन गर्नु हो। संसदीय दल बसेर आवश्यक निर्णय गर्छौं,' उनले भने।

माओवादी नेता यादवका अनुसार आफ्ना दुई सांसदलाई सहमत गराएर एमाले बाहेक सरकार बनाउने प्रयास भइरहेको बताए। 'एमाले बाहेक गठबन्धन सरकार बनाउने प्रयास भइरहेको छ,' उनले भने। नेता पोखरेलले संयोजक दाहालकै सामु नै आफूले सांसद कर्णलाई टेलिफोन गरी सरकारलाई समर्थन गर्न आग्रह गरेको उल्लेख गर्दै सरकार असफल हुनुमा आफूलाई जोड्न गलत भएको बताए।

'मैले प्रचण्ड सामु नै माननीय माला कर्णलाई टेलिफोन गरी सरकारको पक्षमा मत दिन आग्रह गरेको हुँ' उनले भने, 'असहमति भए पार्टीभित्रै छलफल गरी समाधान निकाल्न सकिन्छ। सरकारलाई समर्थन गर्नुस् भनेको थिएँ। सोनाललाई जसपा नेपालका १८, जनमतका १३, माओवादीका ९, लोसपाका ८ र एकीकृत समाजवादीका ७ सांसदको समर्थन थियो। माओवादीका दुई सांसदले समर्थन गरेको भएको भए सोनार सरकारलाई बहुमत पुग्थ्यो। एमाले, जसपा नेपाल र लोसपाका १/१ सांसद निलम्बन परेका छन्। १ सय ७ सदस्यीय मधेश प्रदेशसभामा हाल १ सय ४ सांसद कायम छन्। बुहमत सरकार बनाउन ५३ सांसद आवश्यक हुन्छ।

### स्तन क्यान्सर...

लागि मधेश प्रदेशको कामना विकास बैंकको आर्थिक सहयोग र क्यान्सर केयर सेन्टर लहानको चिकित्सक सहयोगमा धनगडीमाइ नगरपालिकाका ग्रामीण भेगका महिलाहरुलाई एक दिवसीय कार्यक्रम आयोजना गरिएको नेपाली कांग्रेस आवद्ध महिला संघका केन्द्रीय अध्यक्ष उषा राउतले बताउनुभयो। क्यान्सर रोगसम्बन्धी कार्यक्रमबाट महिलाहरु सचेत भएकोमा खुसी साट्दै शिविर सञ्चालनका लागि पहल गरि दिन धनगडीमाइ नगरपालिकाको उपप्रमुख संगीता चौधरीसँग आग्रह गर्दै यस अघि पाठे घर क्यान्सरसम्बन्धी समेत कार्यक्रम नगरपालिकाबाट उपप्रमुख चौधरीको पहलमा भएकोमा धन्यवाद समेत दिनु भएको थियो।

# कक्षा १२ को पूरक परीक्षाको नतिजा सार्वजनिक,

काठमाडौं, २३ कार्तिक। कक्षा १२ को पूरक परीक्षाको नतिजा सार्वजनिक भएको छ। राष्ट्रिय परीक्षा बोर्डको बसेको बैठकले नतिजा सार्वजनिक गरेको हो। बोर्डका अनुसार पूरक परीक्षामा ७३ दशमलव ४१ प्रतिशत अर्थात् ७६ हजार ३ सय ६७ जना विद्यार्थी उत्तीर्ण भएका छन्।

गएको असोज ७ र ८ गते भएको परीक्षामा १ लाख ४ हजार २६ जना विद्यार्थी सहभागी भएका थिए।

यसअघि गएको साउन ११ गते प्रकाशित भएको नियमित नतिजामा ६१ दशमलव १७ प्रतिशत विद्यार्थी ग्रेडेड भएका थिए। वैशाख १४ गतेदेखि शुरू भएर २६ गते सकिएको परीक्षामा नियमिततर्फ एक लाख ९६ हजार नौ सय १४ छात्रा र एक लाख ९३ हजार नौ सय ३३ छात्र गरी तीन लाख ९० हजार आठ सय ४७ जना परीक्षार्थी सहभागी थिए।

# मधेश भवन अगाडि युवाहरूको धर्ना

जनकपुरधाम, २३ कार्तिक। मधेश प्रदेश सरकारको 'मधेश भवन' अगाडि युवाहरूले धर्ना दिएका छन्। आइतबार साँझ मधेश भवनअगाडि युवाहरूले 'प्ले कार्ड'सहित धर्ना दिएका हुन्। त्यसअघि उनीहरू प्रदेश प्रमुखको कार्यालय अगाडि धर्ना दिन पुगेका थिए। तर, सुरक्षाकर्मीको अनुरोधमा त्यहाँबाट सरेर मधेश भवनको मुख्य गेटअगाडि धर्ना दिएका छन्। मधेश प्रदेशमा संविधानको धारा १६८ को (२) बमोजिम नयाँ सरकार गठनको आह्वान गर्नुपर्ने उनीहरूको माग छ। युवाहरूले 'संविधान मिच्न पाईंदैन, संविधानको धारा १६८ ( २) अनुसार नयाँ सरकार गठनको आह्वान गर' भन्ने प्ले कार्ड बोकेका थिए।

शनिबार विश्वासको मत लिन मुख्यमन्त्री जितेन्द्र प्रसाद सोनार ( सोनल) मधेश प्रदेशसभामा विश्वासको प्रस्ताव पेश गरेका थिए। तर, मत विभाजनमा जानुअघि नै उनले विश्वासको मत लिने वातावरण नभएको भन्दै राजीनामा घोषणा गरेका थिए। त्यसपछि सोनल समर्थित दलहरूले विश्वासको मत नगुमाएको भएकाले पुनः त्यही धारा अनुसार नयाँ सरकार गठनको आह्वान गर्नुपर्ने माग गर्दै आएका छन्।

तर, नेकपा (एमाले) ले भने उक्त धारा असफल भइसकेको भएकाले नयाँ धारा अनुसार ठूलो दलले सरकारको नेतृत्व गर्न पाउनुपर्ने मनसाय बनाएको छ। नेपाली कांग्रेस भने सर्वपक्षीय सरकार बनाउने कसरत गरिरहेको छ। सोनल गएको असोज २९ गते ५६ सांसदको समर्थनमा मुख्यमन्त्री पदमा नियुक्त भएका थिए। तर, सत्तासाझेदार दलकै सांसदले मत नदिने र केही सांसद अनुपस्थित भएपछि सोनल मतदान प्रक्रियामा जानुअघि नै राजीनामा दिएका थिए। त्यसपछि नयाँ सरकार गठनका लागि प्रदेश प्रमुखले हालसम्म आह्वान गरिसकेका छैनन्। प्रदेश प्रमुख सुमित्रा भण्डारीले विभिन्न राजनीतिक दल र विज्ञहरूसँग भने परामर्श गरिरहेकी छिन्।

# लहान १ का पतिराम सदाको निधन, नगरप्रमुख चौधरीद्वारा राहत तथा क्रीयाखर्च सहयोग




लहान, २३ कार्तिक। मनकारी नगर प्रमुखले पुनः एक मृतक परिवारलाइ राहत सहयोग सिरहा जिल्लाको लहान नगरपालिका वडा न.१ निवासी पतिराम सदाको निधन भएको खबर पाएलगत्तै नगरप्रमुख महेश चौधरीले मृतक परिवारलाई तत्काल राहत सहयोग उपलब्ध गराएका छन्। स्थानीय स्तरमा सामाजिक उत्तरदायित्वका रूपमा काम गर्दै आएका नगरप्रमुख चौधरीले दिवंगत सदाका परिवारलाई १ क्विन्टल चामल, दाल, नुन र तेल हस्तान्तरण गरेका हुन्। साथै, पालिकाको तर्फबाट क्रीयाखर्चका लागि रू. ५,००० उपलब्ध गराउने घोषणा समेत गरेका छन्।

नगरप्रमुख चौधरीले घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै दिवंगत आत्माको शान्तिको कामना र शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गरेका छन्। उनले भने, "नगरपालिकाको दायित्व नागरिकको सुख–दुःखमा साथ दिनु हो। पतिराम सदाजस्ता श्रमिक र इमानदार नागरिकको निधनले हामी सबैलाई दुःखी बनाएको छ।" नगरप्रमुख चौधरीले यसअघि पनि पतिराम सदाको उपचारकालमा सहयोगस्वरूप रु.१५,००० उपलब्ध गराएका थिए। उपचारका क्रममा आर्थिक अभावमा रहेका सदालाई नगरपालिकाको तर्फबाट औषधी पचार खर्चका लागि सहयोग प्रदान गरिएको थियो। तर, उपचारपछि स्वास्थ्यमा सुधार नआएपछि अन्ततः उनको निधन भएको हो।

स्थानीयवासीले नगरप्रमुख चौधरीको यो सहयोगी कदमको प्रशंसा गर्दै नगरप्रमुखले समुदायप्रति देखाएको संवेदनशीलता र सामाजिक जिम्मेवारीको भावना उच्च उदाहरण भएको बताएका छन्। नगरप्रमुख चौधरीका अनुसार नगरपालिकाले सामाजिक न्याय र सहानुभूतिको भावनासहित विपन्न तथा संकटमा परेका परिवारलाई निरन्तर सहयोग गर्ने नीति लिएको छ। उनले अगाडि थपे, "लहान नगरपालिका कुनै पनि नागरिकको पीडा र दुःखमा निःसंकोच साथ दिन सदैव तत्पर छ।"

# अख्तियारले प्रदेश प्रमुख समक्ष बुझायो वार्षिक प्रतिवेदन



जनकपुरधाम, २३ कार्तिक। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासले मधेस प्रदेशका प्रदेश प्रमुख सुमित्रा सुवेदीलाई वार्षिक प्रतिवेदन बुझाएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासका प्रमुख रामबहादुर कुरुम्वाङले प्रदेश प्रमुख सुवेदीलाई आइतबार आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन बुझाएका हुन्।

प्रतिवेदनमा आर्थिक वर्ष २०८१/०८२ मा ३ हजार ४८ र सोही आर्थिक वर्षको जिम्मेवारी सरी आएको ९२३ उजुरी गरी कुल ३ हजार ९७१ उजुरी दर्ता भएको उल्लेख छ। कुल उजुरी मध्ये २ हजार ९१० उजुरी फर्छ्यौट भएको र बाँकी १ हजार ६१ उजुरी आर्थिक वर्ष २०८२/०८३मा छानबिन हुने गरी जिम्मेवारी सरेको अख्तियारले जनाएको छ। अख्तियारको बर्दिबास कार्यालयमा घुस रिसवत सम्बन्धी ३७ वटा, गैरकानूनी हानी लाभ सम्बन्धी ३५ वटा, झुटा नक्कली शैक्षिक प्रमाणपत्र सम्बन्धी २७ वटा, सार्वजनिक सम्पत्ति हानी नोक्सानी सम्बन्धी २४ वटा, गैरकानूनी सम्पत्ति अर्जन सम्बन्धी ८ उजुरी परेको प्रतिवेदनमा उल्लेख गरिएको छ।

त्यस्तै यी उजुरीहरूमा ६१९ पुरुष, ९४ महिला तथा ४० संघसंस्था गरी कुल ७५३ प्रतिवादीविरुद्ध कैद सजाय तथा जरिवाना गरिएको छ। जरिवाना मार्फत ६ अर्ब १ करोड ८४ लाख ७२ हजार बढी बिगो माग दाबी गरिएको प्रतिवेदनमा जनाइएको छ।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)